प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :-

चलानी नं. :-

## प्रेस विज्ञप्ति

कोभिड-१९ (COVID-19) को रोकथाम तथा नियन्त्रणका सम्बन्धमा उच्चस्तरीय समन्वय समितिको बैठकले विभिन्न मितिमा गरेका निर्णयहरुको जानकारी आम नागरिकहरुलाई अवगत नै छ । यसको प्रकोपबाट बच्नको लागि नेपालले पनि उच्च सतर्कता अपनाउनु पर्ने भएकाले उक्त निर्णयहरुको कार्यान्वयन सम्बन्धित सरोकारवाला पक्षहरुबाट भइरहेको छ। विश्व स्वास्थ्य संगठनको भनाई, छिमेकी मुलुकमा भएको संक्रमण र खुला सीमानाका कारण नेपाल पनि उच्च जोखिममा रहेकोले यसलाई नेपालमा भित्रिन नदिन थप सतर्कता अपनाउनुका साथै सरकारी निर्णयहरुको कार्यान्वयन प्रभावकारी रुपमा गर्नुपर्ने हुन्छ । तसर्थ निम्नानुसारको व्यवस्था मिलाइएको हुँदा सो अनुसार गर्नु, गराउनु हुन र कोभिड-१९ (COVID-19) को संक्रमणबाट बच्ने, बचाउने कार्यमा हातेमालो गर्नुहुनको लागि आम नागरिकहरुलाई अनुरोध गरिन्छ ।

१. अत्यावश्यक काममा बाहेक आवत जावत एवं हिंडडुल नगर्नु, नगराउनु हुन ।

२. औषधी उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कन हुन ।

३. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक वा निजी सवारी साधन सञ्चालन नगर्नु, नगराउनु हुन ।

४. स्वास्थ्य, सुरक्षा, खाद्यवस्तु, खानेपानी, दुध, विद्युत, फोहोर मैला व्यवस्थापन जस्ता अति आवश्यक सेवाहरु नियमित रुपमा सञ्चालन गर्नु, गराउनु हुन ।

५. औषधी, खाद्यवस्तु, इन्धन, खानेपानी र दुध जस्ता अत्यावश्यक सामाग्रीहरु निर्बाद रुपमा ढुवानी गर्नु, गराउनु हुन ।

२०७६।१२।११

(नारन प्रसाद पोखरेल)

प्रवक्ता

एवं

उपसचिव(कानून)

मितिः-२०७६।१२।११

फोन नं.०५७-५२७५१२, ०५७-५२७५१३फ्याक्स :०५७-५२७५१५ईमेलः moial.p3@gmail.com

वेभ साईटःmoial.bagamati.gov.np